
# लेखापरीक्षण प्रतिवेदन

# भेरी नगरपालिका, जाजरकोट

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# भेरी नगरपालिका, जाजरकोट

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/476

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
भेरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
जाजरकोट।

## कैफियतसहितको राय

हामीले भेरी नगरपालिका, जाजरकोटको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त

भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४ करोड ५४ लाख ४० हजार र अन्य रु. १ करोड ३३ लाख समेत गरी रु.१५ करोड ८७ लाख ४० हजार समावेश गरेको छैन।

२. पालिकाको रु. २ अर्व ८ करोड ६४ लाख ३६ हजार लेखापरीक्षण गरिएकोमा रु. २ करोड १२ लाख ९५ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. ७ लाख ७३ हजार बेरुजु फर्स्यौट भई रु. २ करोड ५ लाख २२ हजार बेरुजुमध्ये असुल गर्नुपर्ने रू. ८ लाख २९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९७ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.९९ लाख र पेश्की बेरुजु रु.७० हजार रहेको छ। गत वर्षसम्म रु. ९ करोड २८ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रु. १ करोड २७ लाख ८८ हजार फर्स्यौट भई यस वर्षको रु. २ करोड ५ लाख २२ हजार बेरुजु थप हुँदा हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड ६ लाख १२ हजार रहेको छ। पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य बेहोरा

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षण मान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

**चालु आर्थिक वर्षको बेरुजु वर्गीकरण**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | १३८ | २,१२,९४,८०२ | ० | २७ | ७,७२,७४८ | ० | ५२ | १११ | २,०५,२२,०५४ | ८,२९,३३२ | ९९,००,४५५ | ९७,२२,२६७ | ० | ० | १,९६,२२,७२२ | ७०,००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जाजरकोट | ९,२८,७८,००० | ० | १,२७,८७,६७७ | ८,००,९०,३२३ | ० | २,०५,२२,०५४ | १०,०६,१२,३७७ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | विभिन्न | असुली गर्न बाँकी आन्तरिक आय | ३,२१,०३५ |
| २ | २०७९/८० | विभिन्न | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १,००,००,००० |
| ३ | २०७९/८० | विभिन्न | मुल्य अभिबृद्धि आय कर | ३,६४,६२९ |
| ४ | २०७९/८० | विभिन्न | निर्माण कार्यको अपुग प्रमाण | २,६०,१४५ |
| ५ | २०७९/८० | विभिन्न | कार्य सम्पन्न भन्दा बढी भुक्तानी | ७,४६,९०० |
| ६ | २०७९/८० | विभिन्न | सामाजिक सुरक्षा | १०,९४,९७८ |
| ७ | २०८०/८१ | ६८ | बढी भुक्तानी | १,४२,५६० |
| ८ | २०८०/८१ | ६४ | दरवन्दी वेगरको शिक्षकलाई सुविधा | ५,४२,५२० |
| ९ | २०८०/८१ | ६९ | ऐन विपरितको सेवा सुविधा | १६,००० |
| १० | २०८०/८१ | ८२.3 | आन्तरिक लेखापरीक्षण | १३,२५० |

| | | | | |
|---|---|---|---|---|
| ११ | २०८०/८१ | ७४ | बाख्रा पकेट | ५८,४१८ |
| जम्मा | | | | १,३५,६०,४३५ |

# (८०६६६४०३३०० - भेरी नगरपालिका, जाजरकोट )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु नगरपालिकाको मुख्य उद्वेश्य छ ।अन्य उदेश्यहरु १ आय वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु । २ ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु, ३ ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु । ४ स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलव्ध गराउनु ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१७ देखि २०८१ ।५।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु. २ अर्व ८ करोड ६४ लाख ३६ हजार लेखापरीक्षण गरिएको छ।सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १९४०२७७.४९ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | **दहत्तर वहत्तर प्रदेश सरकारलाई बाँडफाँड** | **१२६१४९८** |
| २ | **सामाजिक सुरक्षा रकम फिर्ता** | **५४८२१४.४९** |
| ३ | **प्रशिक्षक भत्ता बढी भुक्तानी** | २०००० |
| ४ | **गाडी भाडा** | २७००० |
| ५ | **प्रशिक्षक भत्ता बढी भुक्तानी स्वास्थ्य** | १०७१० |
| ६ | **अनुगमन भत्ता बढी भुक्तानी** | १३००० |
| ७ | **दोहोरो वैठक भत्ता** | १९१२५ |
| ८ | **आन्तरिक लेखापरीक्षबाट औल्याएका असुली** | ४०७३० |
| जम्मा | | १९४०२७७.४९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी |
|---|---|---|
| संचित कोष | १८९६८३६६.४८ | १८९६८३६६.४८ |
| विविध खर्च खाता | ४१४६८१३.४८ | ४१४६८१३.४८ |
| विविध कोष खाता | ११३०९३७.५० | ११३०९३७.५० |
| आकस्मिक कोष खाता | ० | ० |
| पूँजीगत खाता | ० | ० |
| धरौटी खाता | ७२२६०६१.०० | ७२२६०६१.०० |
| चालू खाता | ० | ० |
| विपद व्यवस्थापन | ९०९२४७०७.७८ | ९०९२४७०७.७८ |
| जम्मा | १२२३९६८८६.२४ | १२२३९६८८६.२४ |

४ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म ले प फा नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. १५८७४०१६८, यस वर्षको भुक्तानी रु १५८७४०१६८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी (म ले प फा नं २७०) ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म ले प फा नं २७० | ४८४५३५२४.०७ | ९१८८३९५४७.१८ | ८४४८९६१८५.०१ | १२२३९६८८६.२४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४८४५३५२४.०७ | १०७७५७९७१५.१८ | १००३६३६३५३.०१ | १२२३९६८८६.२४ |
| फरक | ० | १५८७४०१६८ | १५८७४०१६८ | ० |

५ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४५४४०५५६ र अन्य रु. १३२९९६१२ समेत गरी रु १५८७४०१६८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाइएन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दीगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा पालिका तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाई आवश्यक पर्ने खर्च भएर जाने सामान वडाले नै खरिद गर्ने र आम्दानी वडाले नै बाँध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मुल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोकेको पाइएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भु-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा भवन निर्माण गर्न स्बीकृति दिन सक्ने व्यवस्था भएकोमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागु गरेको देखिएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेको समितिहरु उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता गरेको पाइएन।

• प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति खुलाउनुपर्नेमा खुलाएको पाइएन।

• लागत अनुमान र मूल्याङ्कन फरक फरक हुनुपर्नेमा एउटै भएकोले वास्तविक काम कति भन्ने सम्बन्धमा स्पष्ट नभएको।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• निजामती सेवा ऐन, २०४९ दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागु गर्नुपर्नेमा गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्नेमा ढिला दाखिला गर्ने गरेको पाइयो।

• विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको देखिएन।

• बातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसुची बमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिचाई, सडक स्तरोन्नती लगायतका कार्यमा बातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख राखेको देखिएन।

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजानिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,

तसर्थः पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **तलवी प्रतिवेदन** -

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य, पशु, कृषि र पालिकाका कर्मचारी समेतको रु. ३६३५६९९२ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने साथै लेखारीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

८ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २१०४८७४०३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१० **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष तपशिल वमोजिमको सेवा प्रवाह प्रदान गरेको देखिन्छ।

| विवरण | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|
| जन्म | ७५७ | ८२० | १५७७ | |
| मृत्यु | १२२ | २०० | ३२२ | |
| विवाह | | | ४३० | |
| बसाईसराई | | | | |
| आएको दर्ता सख्या | | | १०० | |
| आएको सदस्य सख्या | | | २७५ | |
| गएको दर्ता सख्या | | | १२६ | |
| गएको सदस्य सख्या | | | २८८ | |
| सम्बन्ध विच्छेद | | | ३२ | |

११ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडाको लागि कुल योजनामा वजेट विनियोजन गरेको छ।

| रु १ लाख सम्म | रु १ लाख देखि २लाख सम्म | रु २ लाख देखि ५लाख सम्म | रु ५ लाख देखि १०लाख सम्म | रु १० लाख भन्दामाथी | जम्मा |
|---|---|---|---|---|---|
| ७ | २९ | ४६ | ३६ | ५४ | १७२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनि बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं पूर्ण पालना गर्न सकेको छैन ।

१४ **बजेट पेश, पारित र अख्तियारी** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ७८ करोड ९३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।६।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१५ **रकमान्तर** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु. १०४०१९३१ रकमान्तर गरेको छ । कानूनमा भएको व्यवस्थाको पालना गरी पूँजीगततर्फ मात्र रकमान्तर गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

१६ **त्रैमासिक खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने पालिकाले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथोत्रैमासिक | असार महिना |
| चालु खर्चतर्फ | ४५७३५०३५८ | १०५९३९३३० | ८३६८०३९३.८६ | ११९२८०८४७.६ | १४८४४९७८६.३ | १०८६४१३१५.२४ |
| पूँजिगत खर्चतर्फ | २१०४८४७०३ | १०५७७४६ | १७२९५२९४ | ४०००९००८ | १५२१२२६५५ | १००५४३५८८ |
| जम्मा | ६६७८३५०६१ | १०६९९७०७६ | १००९७५६८७.८६ | १५९२८९८५५.६ | ३००५७२४४१.३ | २०९१८४९०३.२४ |
| प्रतिशत | | १६.०२ | १५.१२ | २३.८५ | ४५.०१ | ३१.३२ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु ७२८७६२८९५.४९ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु १०६९९७०७६ (१६.०२प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १००९७५६८७.८६ (१५.१२ प्रतिशत) तेस्रो त्रैमासिकमा रु १५९२८९८५५.६ (२३.८५ प्रतिशत) र चौथो त्रैमासिकमा रु ३००५७२४४१.३ (४५.०१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २०९१८४९०३.२४ (३१.३२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१७ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु २८०७०४२३.७२ राजस्व बाँडफाँड र अनुदानबाट रु ६५७४५८३९६.२ समेत रु ६८५५२८८१९.९२ आम्दानी भएकोमा चालु तर्फ रु ४५७३५०३५८.१६ र पूँजिगत तर्फ रु २१०४८४७०३ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.२० प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु ७७५८००० खर्च भएको छ जुन आन्तरिक आयको २७.६३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.४८ प्रतिशत चालु र ३१.५२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१८ **लक्ष्य प्रगति :**

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । पालिकाले पेश गरेको विवरण अनुसार योजनाको प्रगति स्थिति देहाय वमोजिम रहेको पाइयो।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १७९ | ७ | ० | ० | १७२ |

उल्लेखित विवरण अनुसार कुल १७९ योजना मध्ये ७ योजनामा ० प्रतिशत प्रगति र बाँकी १७२ वटा योजनामा ७५ प्रतिशत प्रगति भएको पाइयो।अधिकांश योजनाको प्रगति ७५ प्रतिशत भन्दा वढी भएको विवरण पेश हुन आएको छ।लक्ष्य अनुसार वजेट खर्च गरी कार्य प्रगति हासिल गर्ने र निर्धारित ढाँचा अनुसार बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र सं | क्षेत्र/ उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २०६२०००० | १६२०१३५२ | २.४३ |
| २ | सामाजिक विकास | ३४५२४३००० | ३०९४०००६६ | ४६.३३ |
| ३ | पूर्वाधार विकास | १९०८३३६२३ | १८१२११०६७ | २७.१३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १९८४६००० | १४११४५५१.२ | २.११ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७१३६३३०३ | १४६९०८०२५ | २१.९९ |
| **जम्मा** | | | **६६७८३५०६१** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा ४६.३३ प्रतिशत र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा क्षेत्रमा सबै भन्दा घटी 2.11प्रतिशत रहेको छ ।

२० **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृतको पद रिक्त रहि निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट कार्य संचालन हुदै आएको देखिन्छ भने निमित्त प्रमुख प्रशासकीय अधिकृत सहित २० जना पदपूर्ती भई बाँकी १५ पद रिक्त देखिन्छ, वडा कार्यालयतर्फ १३ वटा वडामा ३० स्वीकृत दरवन्दी रहेकोमा २४ पद पदपूर्ति भई वडा सचिव सहित ६ स्थायी पद रिक्त रहेको पाइयो।कृषि तथा पशुतर्फ १५ स्वीकृत दरवन्दी रहेकोमा पद १२ पदपूर्ति भइ ३ पद रिक्त रहेको छ भने स्वास्थ्यतर्फ ५३ स्वीकृत दरवन्दी रहेकोमा ४९ पद पदपूर्ति भई ४ वटा पद रिक्त देखियो। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जीनियर सहित १३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२१ **अनुगमन तथा भ्रमण खर्च** -

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि पालिकाले तोकेको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष अनुगमन तथा भ्रमणमा रु. ३४९०५४१ खर्च गरेको छ ।पालिकाको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नखुलेको, पालिकाकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको भ्रमण प्रतिवेदन पेश नगरेकोले दोहोरो भ्रमण खर्च दावी हुन सक्ने हुँदा तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा नियन्त्रण गर्नेतर्फ ध्यान जानुपर्दछ ।

२२ **आय अनुमान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २३३५०००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु २८०७०४२३.७२ अर्थात अनुमान भन्दा २०.२२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२३ **आन्तरिक आय** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६६७८३५०६१.१६ | २८०७०४२३.७२ | ४.२० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.२० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४ **कर तथा शुल्क असुली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व.२०८०।०८१ को राजश्व विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. सं. | राजश्व संकेत | राजश्व शिर्षक | आ.व.२०८०/०८१ को संशोधित लक्ष्य | आ.व.२०८०/०८१ को यथार्थ आम्दानी | असुलि प्रतिशत | कैफियत |
| कर | | | | | | |
| १ | ११३१४ | सम्पति कर | १३५०००० | ११९१३५०.७५ | ८८.२५ | |
| २ | ११३१४ | भुमिकर । मालपोत | १५००००० | १४५०४४८ | ९६.७ | |
| ३ | १४६११ | व्यवसाय कर | १३००००० | ३३०७९५७ | २५४.४६ | |
| ४ | ११६३२ | जडिवुटि कवाडी र जिवजन्तु कर | २०००० | ० | ० | |
| ५ | ११३१७ | घर ।जग्गा बहाल कर | ९००००० | २७०३२८५.२२ | ३००.३७ | |
| | ११३१८ | बहाल विटौरी कर | ० | २६६१६ | १०० | |
| ७ | ३३३४२ | मनोरन्ज कर | ० | ३५००० | १०० | |
| | ३३३४३ | विज्ञापन कर | ३०००० | ० | ० | |
| ८ | ११४५१ | सवारी साधन कर साना सवारी | ० | ४००० | १०० | |
| ९ | ११३१५ | घर जग्गा रजिष्ट्रेशन शुल्क | ३८००००० | ३३४९०८९ | ८८.१३ | |
| | जम्मा | | ८९००००० | १२०६७७४५.९७ | १३५.५९ | |
| | गैर कर | | | | | |
| ८ | १४१५१. | सरकारी सम्पतिको वहाल बाट प्राप्त आय | ६२००००० | ६५७५८८० | १०६.०६ | |
| १० | १४२१२९ | अन्य सेवा शुल्क | ८००००० | ३०७९१० | ३८.४९ | |
| १५ | १४२४२ | नक्सापास दस्तुर | २०५०००० | ३०४६०६०.४१ | १४८.५९ | दस्तुर |
| १६ | १४२४३ | सिफारिस दस्तुर | | | | |
| १७ | १४२४४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | | | | |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | | | | |
| १९ | १४२४९ | अन्य दस्तुर | १०००००० | १०२१८९८.५२ | १०२.१९ | |
| | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | २२०००० | १०० | |
| २५ | १५१११ | बेरुजु | ० | १६९२१८४ | १०० | |
| २७ | ३३३६६ | दहत्तरबहत्तर (ढुङ्गा गिट्टि र वालुवाको विक्रि शुल्क) | ४४००००० | ३१३८७४४.८२ | ७१.३४ | |
| | जम्मा | | १४४५०००० | १६००२६७७.७५ | ११०.७५ | |
| | | कुल जम्मा | २३३५०००० | २८०७०४२३.७२ | १२०.२२ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

२५ **सवारी करः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ।

२६ **मनोरञ्जन करः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०।८१ मा पालिकाले मनोरञ्जन कर राजस्व असुली शुन्य देखियो। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ।

२७ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २८ वटा ऐन, ४ वटा नियमावली ३५ कार्यविधि, ५ निर्देशिका मापदण्ड ४ लगायत ८० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । अन्य आवश्यक ऐनहरु निर्माण गरी भएका कानुनहरु कार्यान्वियन हुनुपर्दछ ।

२८ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको १ गरी कुल २ विवाद दर्ता भएकोमा १ मुद्दा फर्स्यौट भई १ मुद्दा फर्स्यौट हुन बाँकी देखिन्छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण पनि हालसम्म गरेको पाइएन।यस सम्वन्धमा छलफल गर्दा पालिकाको कार्ययोजना/ वजेटमा सहकारी अनुगमनको लागि आवश्यक वजेट र जनशक्ति व्यवस्था नगरेको हुनाले अनुगमन नै हुने गरेको पाइएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३० **खाना तथा विविध खर्च** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसैगरी खर्च लेख्दा आवश्यकतामा र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नुपर्दछ तर पालिकाले यो वर्ष निम्न बमोजिम खर्च लेखेको पाइयो।

| सि नं | खर्च तर्फ | बार्षिक खर्च रकम |
|---|---|---|
| १ | विविध खर्च | २५३२३०० |
| २ | आर्थिक सहायता | ९२०००० |
| ३ | वैठक भत्ता | ८८२६३२ |
| जम्मा | | ४३३४९३२ |

•निश्चित उद्येश्य सहित विशेष परिस्थितिमा मात्र कानूनद्धारा गठित समितिको वैठकमा मात्र वैठक खर्च लेख्न पाइने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भत्ता भुक्तानी दिएको पाइयो।

•विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखि एउटै पार्टीबाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरी भुक्तानी गरेको पाइयो। यस्ता खर्चहरुमा नियन्त्रण हुनुपर्दछ।

३१ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्स्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नेपर्ने व्यवस्था गरेको छ। पालिकाले म्याद कायम रहेको देहाय बमोजिमका निर्माण व्यवसायीलाई दिएको पेश्की फर्स्यौट हुन बाँकी रहेको विवरण पेश गरेकोमा समयमै पेश्की फर्स्यौट गर्नतर्फ ध्यान दिनुपर्दछ। पालिकाले आर्थिक वर्षको अन्त्यसम्म फछ्यौट नभई बाँकी रहेको निम्नानुसार निर्माण व्यवसायी व्यक्ति संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असुल फर्स्यौट गर्नुपर्ने रु.

| भौ.नं. | मिति | कार्यक्रम | पेश्की लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|---|
| २४० | २०८०।०९।१३ | युवा, खेलकुद संचालन | जिल्ला ब्याटम्यान्टिन संघ | | २०००० |
| २१८ | २०८०।०८।२७ | युवा , खेलकुद संचालन | मदन के सि | | १५००० |
| ३६९ | २०८०।११।१३ | युवा , खेलकुद संचालन | प्रदिप वि क | | ३५००० |
| २ | २०८०।११।१३ | हितन खोला सम्म जोड्ने सडक मर्मत भेरी नगरपालिका वडा नं १३ | कराईचुली कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा ली | ६६७००० | |
| जम्मा | | | | ६६७००० | ७०००० |

| | |
|---|---|
| पेश्की | ७०,००० |

३२ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## ३३ प्रधानमन्त्री रोजगार कार्यक्रम-

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १३ वडामा २६ योजना सञ्चालन गरी यस वर्ष ९० जनालाई औसत १०० दिनको रोजगारी उपलव्ध गराई रु. ६२३०९७२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ३४ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु तर्फ रु. ६७ लाख ४३ हजार अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । पालिकाले स्थानीय अनुदान नीति तय गरी उत्पादन एवं उपलब्धिका आधारमा अनुदान वितरण गरी वितरित अनुदानको अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरित अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

## ३५ नियमानुसारको खरिद नभएको

सार्वजनिक खरिद नियमावली को नियम १९ अनुसार सार्वजनिक निकायले रु २० हजार भन्दा माथीको खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएकोबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका भौचर र मितिबाट विभिन्न किसिमका दैनिक सामाग्री तथा भ्याट नलाग्ने आइटम भनी प्यान विलबाट रु २० हजार भन्दा माथी कारोबार गरेको देखियो। नियमानुसार मुल्य अभिबृद्धि कर मा दर्ता भएका व्यवसायी बोलपत्रदाता, सिलबन्दि दरभाउपत्रदाता, परामर्शदाता सेवा प्रदायक सँग मात्र कारोबार गर्नुपर्दछ।

| गो भौ नं।मिति | विवरण | भुक्तानी पाउने | भुक्तानी भएको |
|---|---|---|---|
| ३२२।२०८१।३।२२ | हाते पुस्तक छपाई | मुन लाइट डिजिटल प्रिन्ट | ४९५०० |
| ३२५।२०८०।३।२३ | जनचेतनामूलक सामाग्रीको सूचना प्रशारण | रेडियो जाजरकोट | ५०००० |
| | | सामुदायिक रेडियो खलंगा | ५०००० |
| ३२६।२०८१।३।२३ | लागु औषध दुर्व्यसन सम्वन्धी कार्यक्रम संचालन | नहकुल मिडिया प्रा लि | ५०००० |
| ३२७।२०८१।३।२३ | खाजा खाना शहिद स्मृति युवा क्लवको कार्यक्रम | थकाली भान्छा घर | २२७३९८ |
| ३१०।२०८१।३।२१ | जनचेतनामूलक सामाग्रीको सूचना प्रशारण | रेडियो हाम्रो पाईला एफ एम | ५०००० |
| ३२८।२०८१।३।२३ | विधुतिय सामाग्री खरिद | मुस्कान इलेक्ट्रोनिक्स | १३०२५० |
| | विधुतिय सामाग्री खरिद | प्रलाद इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स पसल | ६५२३० |
| | खाना खाजा | नविन होटेल | ११६१५० |
| २२४।२०८१।३।४ | स्ट्याण्ड फ्यान खरिद | मलिका कम्प्यूटर ट्रेड लिंक | ४२००० |
| जम्मा | | | ८३०५२८ |

## ३६ लागु औषध नियन्त्रण कार्यक्रम

लागु औषध दुर्व्यसन नियन्त्रण एवं रोकथामका लागि युवा जागरण तथा परिचालन कार्यक्रम संचालनका लागि संघीय सरकार विशेष अनुदान अन्तर्गत रु ६५ लाख र प्रदेश सरकार विशेष अनुदान अन्तर्गत रु ३५ लाख गरी जम्मा १ करोड वजेट विनियोजन भएको देखिन्छ।पालिकाले कार्यपालिकाको मिति २०८०।११।२१ बैठक नं ७ को निर्णयले लागु औषध दुर्व्यसन नियन्त्रण तथा रोकथाम कार्यक्रम संचालन सम्वन्धी मार्गदर्शन २०८० स्वीकृत गरी सोही मार्गदर्शन वमोजिम रकम विनियोजन गरी वाभिन्न जनचेतनामूलक कार्यक्रम, दवाव समुह गठन, अनुगमन निरीक्षण, जोखिममा रहेका युवाहरुको पहिचान र वर्गिकरण गर्ने, नमुना युवा संसद अभ्यास कार्यक्रम, विभिन्न खेलकुद जस्ता कार्यक्रम गरी रु ७७६१६२० खर्च भएको पाइयो।पालिकाले यस्तो वजेट खर्च गर्दा दिगो रुपमा लागु औषध दुर्व्यसनी युवाको संख्या घटाउदै पूर्ण रुपमा नियन्त्रण गर्न मद्दत पुग्ने किसिमका कार्यक्रम संचालन गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।पालिकाले कार्यक्रम संचालनको विस्तृत प्रगति विवरण तयार गरी खर्च गरेको कार्यको समय समयमा अनुगमन तथा सुपरीवेक्षण समेत गर्नुपर्दछ।

### ३७ औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, व्याच नं, उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले विभिन्न फर्मसँग रु. ३५८९१९४ को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

### ३८ बालमैत्री घोषणा कार्यक्रम

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।३।८ को पत्रानुसार साथै दीगो विकासको लक्ष्य अनुसार नेपाल सरकारले २०८७ सम्ममा सवै स्थानीय तहले वालमैत्री पालिका घोषणा गर्ने नीति अनुरुप भेरी नगरपालिकाले आर्थिक वर्ष २०७८ बाट कार्य शुरु गरी आर्थिक बर्ष २०८१ सम्ममा ५१ वटा सूचक पूरा गरी बालमैत्री नगर घोषणा गर्ने लक्ष्यका साथ कार्य गरेअनसरुप घोषणा गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म बालमैत्री नगर घोषणा गरेको पाइएन।यस वर्ष बालमैत्री घोषणा गर्नका लागि संघीय सरकार विशेष अनुदान मार्फत रु ५० लाख बजेट प्राप्त भएकोमा रु ४६ लाख १३ हजार खर्च भएको देखिन्छ। सबै सूचकको अवस्थाको अनुगमन गरी संघीय नीति अनुरुप कार्य गर्नुपर्दछ।

### ३९ डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| 1 | वडा नं ४ को वडा कार्यालय को डिपिआर वि ई ई सहित | मिसन इन्जिनियरिङ्ग कन्सल्टन्सी प्र.लि. | ८००००० | ८००००० | ८०८५४५.५१ |
| २ | वडा नं ३ को वडा कार्यालय भवन निर्माण को डिपिआर | क्यूबिट्ट कन्स्ट्रक्सन प्रा.लि. | ४०००२० | ४०००२० | ४३६३३८.७५ |
| ३ | नदीजन्य पदार्थ ढुङ्गा गिट्टि वालुवा उत्खनन् र संकलन | राइनास कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा. लि. | १९९८००० | १९९८००० | २०००००० |
| ४ | वातावरणीय परिक्षण प्रतिवेदन तयार पार्ने | काइरभ इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ६८५००० | ६८५००० | ६९०६९०.८० |
| जम्मा | | | | ३८८३०२० | |

डि.पि.आर. निर्माण गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट मात्र यस्तो कार्य गराउनु पर्दछ ।

**४० जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक, खानेपानी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मवाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो भौ नं।मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १४४।२०८१।३।२१ | वडा कार्यालय प्रशासकीय भवन निर्माण उपभोक्ता समिति | वडा नं १ भवन | १९४९३९३ |
| १३४।२०८१।३।२१ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | वडा नं ८ भवन | १५४३६५३ |
| १२४।२०८१।३।१८ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | वडा नं ५ भवन | १५७२७९१ |
| १५१।२०८१।३।२३ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | वडा नं १३ भवन | २७८५६०६ |
| १८।२०८०।८।२४ | वडा कार्यालय मर्मत तथा निर्माण उपभोक्ता समिति | वडा नं ११ भवन निर्माण | २१४०९०४ |
| १४०।२०८१।३।२० | वडा कार्यालय अधुरो भवन निर्माण उपभोक्ता समिति | वडा नं ७ | १४७६२५८ |
| जम्मा | | | ११४६८६०५ |

**४१ कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफको खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ।कार्यालयले यस वर्ष कन्टिन्जेन्सी वापत रु २३ लाख ६७ हजार खर्च गरेको छ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छ

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाई, , इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु २३ लाख ६७ हजार समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ।

कन्टिन्जेन्सी रकमवाट, विविध, कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

**४२ अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. १६८४३०७९ का ३ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| क्र.सं. | निर्माणकार्य | निर्माणव्यवसायी | संझौतामिति | सम्पन्नगर्नुपर्ने मिति | योबर्ष सम्मको खर्च | भौतिकप्रगति |
|---|---|---|---|---|---|---|
| १. | वडा कार्यालयनिर्माण ६,९ र १० | New B.K. /Nahakuli J.V | २१/११/२०८० | १५/०३/२०८१ | ११०३७२३० | ४६.८४% |
| २. | वडा कार्यालय भवन निर्माण वडा नं ३ | Thapa Nirman Sewa | ०७/१०/२०८० | १५/०३/२०८१ | ५१३८८४९ | ६८.९५% |
| ३. | हितेन खोला सम्म सडक निर्माण | Karaichuli Construction Pvt. | २७/०२/२०८१ | २०/०३/२०८१ | ६६७००० | - |
| **जम्मा** | | | | | **१६८४३०७९** | |

४३ **राहत तथा उद्दार तर्फ**

४३.१ जनआन्दोलनका घाइते र अपाङ्गता भएकालाई भत्ता वापत रु १८०००००। सहिद वा वेपत्ता परिवार भत्ता वापत रु २०८८०००। र भुकम्पबाट प्रभावित नागरिकको लागि राहात सामाग्री खरिद वितरण र उद्धार कार्यको लागि रु २५०००००। समेत रु ६३८८०००। बाट प्राप्त भएकोमा क्रमशः रु १७५२०००। रु २०१६०००।र रु २४०८०२३। गरी रु ६२७६०२३।खर्च भएको पाइयो। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

४३.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम, ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।राहात उद्धारका सामाग्री जिल्ला विपत केन्द्र जाजरकोट देखि नगरपालिका र नगरपालिका वाट विभिन्न स्थानमा सम्म ढुवानी गरेको रु २७६५००। भुक्तानी गरेको पाइयो। ढुवानी भाडा भुक्तानी गर्दा ढुवानी गरिएको सामानको विवरण र परिमाण ढुवानी गरेको मिति खुलाई आम्दानी बाधेको वा खपत भएको खुलाई सम्बन्धित सवारी धनीलाई भुक्तानी गर्नुपर्दछ। तर सामानको विवरण नखुलाई आम्दानी नवाँधी एंव खर्चको विवरण वेगर सवारी धनीलाई भुक्तानी गरेको रु २७६५००राहात सामाग्री ढुवानी गरेको। खर्चको आधार खुल्ने गरी प्रमाण पेश गर्नुपर्ने रु

| गो.भौ.नं | मिति | रकम |
|---|---|---|
| १६ | २०८०।११।११ | १३६५०० |
| ११ | २०८०।१०।१० | १४०००० |
| जम्मा | | २७६५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७६,५०० |

४३.३ ४।२०८०।८।२९ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम, ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।श्रेष्ठ आयल स्टोर एण्ड जनरल अर्डर सप्लायर्स भेरी ३ जाजरकोटलाई डिजेल १७८५ लीटरको रु ३३२००६.४३ भुक्तानीमा लगवुक पेश नभएको।

४४ **जडान बेगरको खपत**

पाइप तथा फिटिङ्ग औजार कुयना देखि चोरखाली हुँदै सल्लेरी खानेपानी विस्तार वापतको रु ७५२४९४। भुक्तानी गर्दा उपभोक्ता समितिलाई 32 mm DIA PN 16 २५०० मिटर पाइप रकम उल्लेख गरेको पाइयो तर पेश भएको नापी किताव परीक्षण गर्दा २३६०मी मात्र पाइप जडान भएको देखिएकोले जडान नभई बढी भुक्तानी भएको १४० मीटर पाइएको प्रति मिटर १०३।७३ को दरले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,५२२.२ |

४५ **दोहोरो नापी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले तपशिल वमोजिमको योजनामा रकम भुक्तानी गर्दा नापी किताव अनुसार भुक्तानी हुनुपर्ने भन्दा वढी भुक्तानी दिएको निम्न रकम असुल गर्नुपर्ने रु.

| गो भौ नं।मिति | योजनाको नाम | कामको विवरण | भुक्तानी भएको परिमाण | हुनुपर्ने परिमाण (नापी किताव अनुसार) | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| ९५।२०८१।३।४ | ने रा आ वि शौचालय निर्माण | 12.5 mm cement plaster | २३०.३७ | २२२.५४ | ७.८३ | ४०६.८४ | ३१८५.५५ |
| | | 2 coats painting | २३०.३७ | २२२.५४ | ७.८३ | १६३.६५ | १२८१.३७ |
| जम्मा | | | | | | | ४४६६.९२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४६६.९२ |

४६ **प्रकोप व्यवस्थापन कोष**

भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थाई आवास निर्माण अनुदान कार्याविधि,२०८० अनुसार भूकम्पका कारण निजी आवास पूर्ण रुपले क्षति भएका तथा बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थाई टहरा निर्माण गरिने व्यवस्था रहे बमोजिम, बारेकोट गापा को राम्चे केन्द्र विन्दु भएर २०८०।७।१७ मा गएको भूकम्पमा पूर्ण क्षति भएका तथा बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थाई टहरा निर्माण गर्नेको लागि जिल्ला प्रशासन कार्यालय जाजरकोटबाट प्रति परिवार २५००० को दरले रु १२६००००० मिति २०८०।८।२७ प्राप्त भएकोमा रु १२६०००००। मिति २०८१।०२।२८ खर्च भई बाँकी दोस्रो किस्ताको लागि आवेदन मा १३०० लाई २५००० का दरले ३२५०००००। माग भएको तर पालिकाबाट भुक्तानी नभएको पाइयो।

४७ **प्रगतिशिल महिला उद्यम भवन निर्माण**

७२।२०८१।३।२, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।पालिकाले प्रगतिशिल महिला उद्यम भवन निर्माण वापत रु १४२५००० भुक्तानी गर्दा Reinforcement bar cutting, Bending and placing in position कार्य अन्तर्गत Stirrups for slab beams को लागि ८ mm का १.५७ मिटर लम्वाईका Bar ६२० वटा प्रयोग भएको देखियो भने column मा प्रयोग भएको Bar को संख्या नापी कितावमा उल्लेख भएको देखिएन। यसरी प्राविधिक मुल्याङ्कनमा डण्डीको प्रयोग स्पष्ट नखुलेकोले उक्त कार्यको प्राविधिक पक्षको मुल्याङ्कन नहुने हुँदा उक्त मूल्याङ्कन वेगर भुक्तानी गर्न नमिल्ने भएकोले प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,२५,००० |

४८ **झोलुङ्गे पुल निर्माण**

भौचर नं ११८।२०८१।३।१७ पालिकाले यस बर्ष २ वटा झोलुङ्गे पुल निर्माण गर्नका लागि Fabrication Parts खरिद वापत बागेश्वरी स्टिल स्ट्रक्चरलाई जम्मा रकम रु २३९१०६९ भुक्तानी गरेको देखियो। Fabrication Parts खरिद भई थाग्रे खोला झोलुङ्गे पुल

उपभोक्ता समिति वडा नं ६ र तिमिले घट्टे खोला झोलुङ्गे पुल उपभोक्ता समिति वडा नं ४ लाई सामाग्री हस्तान्तरण गरेकोमा उपभोक्ता समितिले कार्य सम्पन्न गरेको प्रमाण पेश हुन आएन।कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,९१,०६९ |

४९ **त्रिपाल खरिद**

भुकम्पबाट क्षति भई विशेष परिस्थिति सृजना भई सो बाट प्रभावित नगरपालिका भित्र बसोबास गर्ने नागरिकलाई शित लहर एंव चिसोबाट बचाउन त्रिपाल उपलब्ध गराउन तत्काल खरिद गर्ने भनी कार्यापालिकाको २०८०।०७।२२ को निर्णय एंव सोही मितिको खरिद समितिको निर्णय अनुसार १२०० थान त्रिपाल खरिद गर्ने निर्णय भएको पाइयो। उक्त निर्णय बमोजिम कोटेशन माग गर्दा १८x२४ सहजका त्रिपाल ११५ माग रु २४८४।को दरले मुअकर समेत रु २८०६।९२ मा खरिद गरी शर्मा पलाष्टिक अर्डर सप्लायर्स नेपालगंज ०८१।५३०८९१ बाट खरिद गरेको रकम भौ नं १।०८१।८।२१ मा भुक्तानी गरेकोमा त्यही सहजको १२ थान त्रिपाल सुभात भाँडा तथा हार्डवयर पसल भेरी नपा ३ बाट रु ४५००। प्रति गोटा खरिद गरी रु ५४०००। भुक्तानी गरेको पाइयो। कार्यपालिका खरिद ईकाई समितिले गरेको निर्णय अनुसार खरिद आदेश स्वीकृत गरी कोटेशनबाट खरिद गर्नुपर्नेमा सिधै खरिद गर्दा प्रति थान रु १६९३.०८ बढी मूल्य तिर्नुपर्दा जम्मा रु २०३१६.६९ बढी मूल्यमा खरिद गरेको पाइयो। कार्यपालिका एवं खरिद इकाई समितिको निर्णय कार्यान्वियन नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने रु

| | |
|---|---|
| अनियमित भएको | २०,३१६.६९ |

५० **अन्य कार्यालय खर्चः**

कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमा भित्र रही खर्च गर्नुपर्दछ।यस वर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यको लागि पालिकामा बजेटमै रकम विनियोजन गरी भुक्तानी दिएको छ ।निम्न कार्यालय पालिकाको नियन्त्रणअधिकार क्षेत्र भित्र पनि नपर्ने र सम्बन्धित निकायवाट समेत बजेट विनियोजन हुने भएकोले एउटै कामको लागि २ निकायवाट विनियोजन हुन सक्ने अवस्था समेत रहेकोले यसमा नियन्त्रण हुनुपर्दछ भनी गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औल्याएकोमा यस वर्ष समेत सुधार भएको पाइएन। पालिकाले यसमा नियन्त्रण गर्नुको साथै यसरी खर्च लेखेको रकम नियमसम्मत मान्न नसकिएको रु.

| क्र.स. | भौचर नम्बर मिति | कार्यालय र प्रयोजन | रकम |
|---|---|---|---|
| १ | १६।२०८०।८।१९ गा.पा पूजिगत | जिल्ला प्रहरी कार्यालयको फर्निचर व्यवस्थापन | २००००० |
| २ | १४५।२०८०।३।२१ गा.पा पूजिगत | शसस्त्र प्रहरी बल ट्रस निर्माण | २६८६४५ |
| ३ | १४३।२०८०।८।१० गा.पा चालु | जिल्ला प्रहरी कार्यालय कार्यालय प्रमुख आवास मर्मत | १४४३१२ |
| ४ | ३५९।२०८०।१०।१२ | प्रहरी चौकी जगतिपूरको शौचालय निर्माण | ९५००० |
| | | जम्मा | ७०७९५७ |

| | |
|---|---|
| अनियमित भएको | ७,०७,९५७ |

५१ **प्राविधिक मूल्याङ्कन वेगर इन्धन खर्चः**

सार्वजनिक खरिद नियमावलीको २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम नापजाँच पश्चात नापी किताबमा भएको वास्तविक कार्यसम्पादन परीमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पालिका अन्तर्गत विभिन्न सडक मर्मत गरेको भनी इन्धन खर्च लेखेकोमा प्राविधिकबाट के कति परीमाणमा सडक मर्मत कार्य भएको हो सो को नापी गरी मूल्याँकन गरेको अभिलेख समेत नराखि इन्धन खर्च लेखेको पाइयो।प्राविधिक नापी गरी मूल्याँकन गरेको अभिलेख समेत नराखि भएको इन्धन खर्च नियमसम्मत मान्न नसकिएको रु.

| भौचर नम्बर।मिति | विवरण | सप्लार्यको नाम | इन्धन खर्च |
|---|---|---|---|
| ४।२०८०।६।३० | पालिकाको विभिन्न सडक मर्मत | भेरी आयल | १७३८५३ |
| ५।२०८०।६।३० | पालिकाको विभिन्न सडक मर्मत | भेरी आयल | ५९०१०८ |
| ४०।२०८०।१०।१० | पालिका भित्रका सडक मर्मत | भेरी आयल/श्रेष्ठ आयल स्टोर एण्ड अर्डर सप्लायर्स | ४३३४९५ |
| जम्मा | | | ११९७४५६ |

| | |
|---|---|
| अनियमित भएको | ११,९७,४५६ |

५२ **ज्याला भुक्तानीः**

प्रधानमन्त्री रोजगार निर्देशिकामा २०७९ को परिच्छेद ५ को नियम १९ मा निश्चित प्रतिशत श्रमिकको ज्यालामा खर्च गर्नेगरी व्यवस्था गर्नुपर्ने तथा पालिकाले निर्णय गरी नेपाल सरकार, प्रदेश सरकार वा पालिकाले पूँजीगत बजेटबाट रोजगारीमा खर्च गर्नुपर्ने बजेटको फरक फरक प्रतिशत तोक्न सक्ने उल्लेख छ ।यस कार्यक्रमबाट विशुद्ध श्रमिकको ज्याला अर्थात रोजगारीमा मात्र बजेट खर्च गर्न सकिने व्यहोरा उल्लेख छ।गत आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम बाट संचालन भएका निम्न योजनाहरुमा ज्याला बापत प्रधानमन्त्री रोजगार कार्यक्रमबाट व्यहोर्ने गरी सम्झौता भएको र गत आ.ब मा विविध कारणले भुक्तानी हुन नसकी यस वर्ष कार्यपालिकाको निर्णय बमोजिम पालिकाबाट भुक्तानी भएको पाइयो।सम्झौताबमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भुक्तानी हुनुपर्नेमा पालिकाबाट भुक्तानी भएकोले पालिकालाई बढी व्ययभार परेको छ।

| योजनाको विवरण | | ज्याला बापतको भुक्तानी रकम |
|---|---|---|
| ६।२०८०।७।०१ | चन्द्र ज्योती आ.विको फिल्ड निर्माण | ३००००० |
| ७४।२०८१।१।३१ | मेल सोता देखि उपाध्यागाँउ सम्म सडक योजना उ.स | ७४९००० |
| जम्मा | | १०४९००० |

५३ **पेश्की जमानतः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क) १ मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चचात निर्माण व्यवसायीबाट अग्रिम बैङ्ग जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशत नबढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ।वडा न ६,९,१० Contruction of ward offfice निर्माण कार्यको लागी नहकुल न्यू वि.के जे.भि सँग रु.२३५६४९९६ मू.अ.कर समेत मिति २०८१।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०८०।११।२१ सम्झौता भएको पाइयो।उक्त निर्माण कार्यको लागी रु. ४६२०००० पेश्की उपलब्ध गराएकोमा मिति २०८१।३।२३ को पहिलो रनिङ बिलबाट रु.२५००००० फस्यौट भई रु. २१२०००० बाँकी रहेको छ।उक्त पेश्कीको म्याद मिति २०८१।३।४ सम्म रहेको र ऐन बमोजिम अग्रिम बैङ्ग जमानत लिनुपर्नेमा लेखापरीक्षण अवधिसम्म पनि अग्रिम बैङ्ग जमानत पेस नभएको अवस्था रहेको छ। अग्रिम बैङ्ग जमानत नलिई पेश्की दिने कार्यले उक्त पेश्की जोखिममा परेकोले पेश्की जमानतको म्याद थप गरी असुल फस्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,२०,००० |

५४ **सम्झौताको पालना नभएकोः**

पालिका र उपभोक्ता समिति बीच भएको सम्झौताको बुँदा ९ मा मूल्य अभिवृद्धि भ्याट लाग्ने वस्तु वा सेवा खरिद गर्दा रु.२०००० भन्दा बढीको मूल्याँकन सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धी कर दर्ता गरेका व्यक्ती फर्म सँग खरिद गर्नुपर्ने, साथै उक्त विलमा उल्लेखित मू.अ.कर बाहेकको रकममा १.५ प्रतिशत आयकर कट्टी गरी बाँकी रकम सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी गर्नुपर्ने उल्लेख छ।नमुना छनौट गरी परीक्षण गर्दा देहायबमोजिमको उपभोक्ता समितिमार्फत निम्न कार्य गरेकोमा मूल्य अभिवृद्धि भ्याट लाग्ने वस्तु वा सेवा खरिद गर्दा रु. २०००० भन्दा बढीको मूल्याँकन सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धी कर दर्ता गरेका व्यक्ती फर्म सँग खरिद गरेको भएतापनि उक्त विलमा उल्लेखित मू.अ.कर बाहेकको रकममा १.५ प्रतिशत आयकर कट्टी गरी बाँकी रकम सम्बन्धित सेवा प्रदायकलाई

भुक्तानी गर्नुपर्नेमा सेवा प्रदायकलाई नगरी उपभोक्ता समितिलाई भुक्तानी दिएको पाइएकोले त्यस्तो खर्च नियमसम्मत मान्न नसकिएको रु.

| गौ,भौ.न मिति | उपभोक्ता समितिको नाम | विवरण | साम्रगी खरिद भएको सप्लार्यसको नाम | रकम |
|---|---|---|---|---|
| ४८।२०८०।११।२३ | दमार वस्ती अधुरो आपखेती घेराबार निर्माण उ.स | घेराबार निर्माण | अंशु भाडा पसल | ४४३९९३।९९ |
| ५४।२०८०।१२।६ | माथिल्लो चिसापानी देखि पोख्रो सम्म खानेपानी निर्माण उ.स | खानेपानी निर्माण | न्यू सिद्धार्थ हाडेवेयर एण्ड सप्लार्यस | १९८४९१.२८ |
| | | | राप्ती मेटल वर्क | ४१८८८१ |
| | | जम्मा | | १०६१३६६ |
| | | | अनियमित भएको | १०,६१,३६६ |

५५ **हेभिइक्यूमेन्ट प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतया डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइयो तर नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गरेको एंव नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु निम्नाअनुसार छन।

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ९४।२०८१।३।३ | नाउला पात्तेहाल्न सडक निर्माण उपभीक्ता समिति | सडक निर्माण | ५१०१७४ | एक्साभेटर | ३०४५०० |
| १०७।२०८१।३।१६ | विस्ने चौर सडक निर्माण उपभोक्ता समित | सडक निर्माण तथा मर्मत | २०५६११ | एक्साभेटर | २३३९१० |
| ११८।२०८१।३।०३ गा पा पूजिगँत | चैतेखोला सडकको मोडबाट धाराखोला बिउरेनी हुदै तल्लो दोकाना सम्म सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण तथा मर्मत | ४८२३२५ | एक्साभेटर | ४६१४०१ |
| | जम्मा | | ११९८११० | | ९९९८११ |

५६ **बस खरिदः**

गौ.भौ.न २०।२०८०।८।२७ NCB/MCB/BM01 पालिकाको लागी २ वटा वस खरिद गर्नका लागी बोलपत्र आव्हान गरी सिप्रदी ट्रेडिङ प्रा.लि सँग रु.८४३०००० मू.अ.कर सहित मिति २०८०।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०७९।१२।१२ मा सम्झौता भएको पाइयो।तोकिएको समयमा उक्त कार्य सम्पन्न नभई उक्त प्रा.लि ले २०८०।२।२६ मा म्याद थपको लागी निवेदन दिएको र पालिकाबाट एक महिना म्याद थप भएको पाइयो।मिति २०८०।३।१९ गते पालिकाको अनुगमन समिति सदस्य दल बहादुर राना लगायत ५ सदस्य र गाडी निर्माण गर्ने कम्पनी विवेक अटो वडि विल्डर्स प्रा.लि को उपस्थितिमा यसै आर्थिक वर्षमा गाडी निर्माण गरी भेरी नगरपालिकालाई हस्तान्तरण गर्न आवश्यक कार्यलाई तिव्रता दिने गाडी निर्माण गर्दा आवश्यक पर्ने सामान अतिरिक्त क्यामरा इन्धन ट्याङ्की र पि पि एस जडान उक्त कार्य लागत स्टिमेटमा नभए पनि नगर कार्यपालिकालाई अनुरोध गरी भुक्तानी निर्णय गरेको पाइयो।यस

वर्ष पालिकाले रु. ९२००००० विनियोजन गरी सिप्रदी ट्रेडिङ प्रा.लि लाई रु.८६७८५०० भुक्तानी भएको पाइयो।सम्झौताअनुसार प्रा.लि लाई रु.८४३०००० भुक्तानी हुनुपर्नेमा मिति २०८०।२।२६ को अनुगमन समितिको निर्णयको आधारमा ठेक्का सम्झौतामा गरिएको भन्दा अतिरिक्त क्यामरा,इन्धन ट्याङकी र जि.पि.एस जडान गर्ने कार्यको कार्य कोटेशन थप गरी रु. २४५५०० बढी भुक्तानी गरेको र कार्यपालिकाबाट समेत निर्णय नगरी खर्च लेखेको नियमसम्मत मान्न नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४५,५०० |

५७ **निर्माण व्यवसायीबाट कार्यः**

१०७।२०८१।३।१६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सवकन्ट्रयाकबाट गराउन नहुने उल्लेख छ। विस्ने चौर मालुखोला सडक निर्माण कार्यको लागी लागत अनुमान रु.२३४४५७.४७ स्वीकृत गरी निर्माण उपभोक्ता समितिसँग सम्झौता भएकोमा प्राविधिक मूल्याँकन रु.२२८४५७ गरी पालिकाबाट रु.१९४००० भुक्तानी भएको पाइयो।उपभोक्ता समितिले सन्तोष निर्माण सेवालाई रु.२३३९१० मा सवकन्ट्राकमा लगाएको गरेको पाइयो। समितिले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले उल्लिखित नियमको पालना गरी नियमित गर्नु पर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | १,९४,००० |

५८ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद (बाहौँ सशोधन) नियमावलीको नियम ८५मा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसार रु.४३३३४५३ को सोझै खरिद गरेको पाइयो। पालिकाले वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाइ खरिद कार्य गर्नुपर्दछ।

| गौ.भौ.न ।मिति | विवरण | सप्लार्सको नाम | रकम |
|---|---|---|---|
| ४४।२०८०।११।१३ गा.पा पूजिगत | डेस्कटप कम्प्यूटर खरिद | आउट लुक सप्लार्यस | ८४०००० |
| १३७।२०८१।३।२० गा.पा पूजिगत | डेस्कटप प्रिन्टर लयायत खरिद | महालक्ष्मी सप्लायर्स | ४३४५०० |
| १३८।२०८१।३।२० गा.पा पूजिगत | कार्यालय साम्रगी | सुजल सप्लार्यस | ५४५००० |
| १३।२०८०।६।२४ गा.पा चालु | कार्यालय संचालन साम्रगी | आउट लुक सप्लार्यस | २१०१८० |
| १६।२०८०।६।२४ गा.पा चालु | कार्यालय संचालन साम्रगी | युनिक वटो वर्क | १४३७७९ |
| १९।२०८०।६।२४ गा.पा चालु | कार्यालय संचालन साम्रगी | वर्षा स्टेशनरी स्टोर्स एण्ड जनरल सप्लार्यस | २९३९०० |
| २४७।२०८०।९।१८ गा.पा चालु | प्रिन्टर लगायत अन्य सामान | महालक्ष्मी सलार्यस | ३६९४९९ |
| ३६२।२०८०।११।१३ | डेस्कटप कम्पूटर | महलक्ष्मी सप्लायर्स | ५००००० |
| ४०८।२०८०।११।२३ गा.पा चालु | कार्यालय संचालन साम्रगी | कविर ग्यालरी प्रा. लि | ९९६५९५ |
| जम्मा | | | ४३३३४५३ |

५९ **टुक्रा पारी खरिदः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ (२) मा प्रतिस्पर्धालाई सीमित गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाउनु हुँदैन भन्ने व्यवस्था रहेको छ। एउटै खरिद प्याकेजबाट खरिद गर्न सकिने कार्यालयहरुको फाइल व्यवस्थापन कार्यको लागि आलुमुनियम पार्टिशन निर्माण कार्यको लागत टुक्रा पारी निम्न सप्लार्यसहरु सँग कोटेसन गरी सोझै खरिद गरेको कार्य नियमसम्मत मान्न नसकिएको रु.

| गौ.भौ.न ।मिति | विवरण | सप्लार्सको नाम | रकम |
|---|---|---|---|
| ४०८।२०८०।११।२३ | कार्यालयको शाखाहरुको फाइल व्यवस्थापन आल्मुनियम फिक्स पार्टेसन तथा ढोका निर्माण | कविर ग्यालरी प्रा.लि | ९९६५९५।५२ |
| ४१०।२०८०।११।२३ | कार्यालयको शाखाहरुको फाइल व्यवस्थापन आल्मुनियम फिक्स पार्टेसन तथा ढोका निर्माण | कविर फर्निचर एण्ड इन्ष्ट्रिज प्रा.लि | ९९८२१८ |
| ५२८।२०८१।१।३१ | कार्यालयको शाखाहरुको फाइल व्यवस्थापन आल्मुनियम फिक्स पार्टेसन तथा ढोका निर्माण | अकित आल्मुनियम स्टील डेएकोर | ९९०८३३ |
| जम्मा | | | २९८५६४६ |
| | | अनियमित भएको | २८,८५,६४६ |

६० **नापी वेगर खर्चः**

२९।२०८०।९।१८ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम नापजाँच पश्चात नापी कितावमा भएको वास्तविक कार्यसम्पादन परीमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ।पालिका अन्तर्गतको वडा न.५ मा विभिन्न खानेपानी आयोजनाका लागी ३२mm र २०mm समेत गरी ९४०० मिटर पाइप पाइप खरिद गरी विभिन्न खानेपानी उपभोक्ता समितिलाई रु.४२६१५६ वितरण गरेकोमा कुन योजनामा कति जडान भएको हो भनी स्पस्ट खुल्ने अभिलेख नापी संलग्न नगरी खर्च लेखेको नियमसम्मत मान्न नसकिएकोले प्रमाण पेश हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | ४,२६,१५६ |
|---|---|

६१ **डोजर, एम्बुलेन्स, शववाहन मर्मत -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पालिकामा रहेको डोजर, एम्बुलेन्स, र ट्याक्टरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.५५०७०६९ खर्च गरेकोमाउक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु.१२३१५७० मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाइएन ।पालिकाले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरी प्रयोग गर्न आवश्यक ध्यान दिनुपर्ने देखिन्छ।

| **सि.न** | **मेशिनरी** | **संख्या** | **मर्मत** | **ईन्धन खर्च** | **जम्मा खर्च** | **आम्दानी रकम** |
|---|---|---|---|---|---|---|
| १ | एम्बुलेन्स | १ | २८६२१५ | ७७१९२१ | १०५८१३६ | ७५८८५० |
| २ | जे.सि.बिाए.सि.ई | १ | ८५३१३६ | १९२७७६० | २७८०८९६ | ४७२७२० |
| ३ | ट्याक्टर | १ | ५८९४२८ | ० | ५८९४२८ | ० |
| **जम्मा** | | | **१७८५८०१** | **२७२१२६८** | **४५०७०६९** | **१२३१५७०** |

६२ **मूल्य अभिवृद्धि करः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अमानतबाट रु.१३०७०६४ (मूल्य अभिवृद्धि करसहित )असुल गरेकोमा उक्त असुली रकमको रु. १५०३७० मूल्य अभिवृद्धि कर दाखिला नगरेकोले संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,५०,३७० |
|---|---|

६३ **निजी स्रोतको शिक्षकको तलब भत्ता भुक्तानीः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ देखि एकमुष्ट अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकहरुलाई वित्तीय समानीकरण अनुदानबाट रु. ८३२५४०७ तलब भत्ता खर्च लेखेको छ।

| गौ.भौ.मिति | विवरण | रकम |
|---|---|---|
| ६३।२०८०।६।२८ | पालिका अन्तर्गतका २७ जना शिक्षक | १९३२६०० |
| २६३।२०८०।९।२४ | पालिका अन्तर्गतका २९ जना शिक्षक | १९६५९४० |
| ४६७।२०८०।१२।२६ | पालिका अन्तर्गतका २९ जना शिक्षक | २१६८०४० |
| ४७६।२०८०।१२।३० | पालिका अन्तर्गतका १ जना शिक्षक | १३०६६७ |
| ६५६।२०८१।३।१४ | पालिका अन्तर्गतका २९ जना शिक्षक | २०६८१६० |
| ६५८।२०८१।३।१४ | पालिका अन्तर्गतका १ जना शिक्षक | ६०००० |
| | जम्मा | ८३२५४०७ |

६४ **दरवन्दी वेगरको शिक्षकलाई सुविधाः**

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१/२५ को परिपत्र अनुसार स्वीकृत दरबन्दीमा करारमा रहेका व्यक्तिलाई मात्र चाडपर्व र पोशाक सुविधा उपलब्ध गराउने उल्लेख छ।पालिकाले दरबन्दी भन्दा बाहिरको पदमा करारमा शिक्षक भर्ना गरी निम्न व्यक्तिलाई चाडपर्व सुविधा भुक्तानी भएकोले परिपत्र विपरित भएको उक्त रकम असुल गर्नुपर्ने रु.

| **नामथर** | **पद** | **चाडपर्व** | **सासु कर कट्टि गरिबाँकी भुक्तानी** |
|---|---|---|---|
| गगनबहादुर वलि | माध्यमिक | **२८०००** | २७७२० |
| कृष्णबहादुर वली | प्राथमिक | **२००००** | १९८०० |
| महेशथापा | निम्नमाध्यमिक | **२४०००** | २३७६० |
| जम्मा | | **७२०००** | ७१२८० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२७,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२७,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२७,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२७,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२७,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२७,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,२८० |

६५ **करारका कर्मचारीलाई सुविधाः**

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१/२५ को परिपत्र अनुसार स्वीकृत दरबन्दीमा करारमा रहेका व्यक्तिलाई मात्र चाडपर्व र पोशाक सुविधा उपलब्ध गराउने उल्लेख छ। पालिकाले दरबन्दी भन्दा बाहिरको पदमा करारमा कर्मचारी भर्ना गरी निम्न व्यक्तिलाई चाडपर्व र पोशाक सुविधा भुक्तानी भएकोले परिपत्र विपरित भएको उक्त रकम असुल गर्नुपर्ने रु.

| क्र.स. | नाम | पद | मार्सिक पारिश्रमिक | चाडपर्व सुविधा | पोषाक सुविधा | जम्मा सा .सु कर कट्टी गरी |
|---|---|---|---|---|---|---|
| १ | सन्तोष कुमार पुन | बालकल्यान अधिकारी | ४३६८९ | ० | १०००० | ९९०० |
| २ | रमेश जंग शाह | सा.प. | ३२९०२ | ३२९०२ | १०००० | ४२४७३ |
| ३ | शर्मीला घर्ती | सा.प | ३२९०२ | ३२९०२ | १०००० | ४२४७३ |
| ४ | लाल बहादुर कार्की | सा.प | ३२९०२ | ३२९०२ | १०००० | ४२४७३ |
| ५ | सृजना चौधरी | सा.प. | ३२९०२ | ३२९०२ | १०००० | ४२४७३ |
| ६ | रत्ना खड्का | अ.न.मि.नपा | २४५०० | २४५०० | १०००० | ३४१५५ |
| ७ | पवित्रा कुमारी थापा | ल्यावअसिष्टेन्ट | २२००० | २२००० | १०००० | ३१६८० |
| ८ | करिश्मा पुन मगर | ल्या.अ. | २२००० | २२००० | १०००० | ३१६८० |
| ९ | विन्दु डाँगी | ल्या.अ. | २२००० | २२००० | १०००० | ३१६८० |
| १० | विपना वली | अ.न.मि. | ३२९०२ | ३२९०२ | १०००० | ४२४७३ |
| | | जम्मा | | | | ३५१४६० |

| असुल गर्नुपर्ने | ३,५१,४६० |
|---|---|

६६ **विदा अवधिमा स्थानीय भत्ता भुक्तानीः**

अर्थ मन्त्रालयको मिति २०७१।४।२ को परिपत्रको बँदा २ को (ग) मा कुनै कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा वसी काम गरेको भएमा मात्र त्यस्तो भत्ता पाउने उल्लेख छ।पालिकामा कार्यरत प्रा.स पाँचौ पदमा कार्यरत गोमा थापा मगर मिति २०८०।८।२१ देखि २०८०।११।३० गतेसम्म ९८ दिन सुत्केरी विदामा बसेकोले सो अवधि अवधिको स्थानीय भत्ता बापत रु. १७१५० बढी भुक्तानी भएको पाइयो। परिपत्र विपरित भुक्तानी भएको स्थानीय भत्ता असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १७,१५० |
|---|---|

६७ **दोहोरो इन्धन भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नु पर्ने उल्लेख छ।विभिन्न गोश्वारा भौचर र मितिमा ईन्धन खर्च वापत श्रेष्ठ आयल स्टोर्सलाई ईन्धन खर्च वापतको रकम भुक्तानी गरेकोमा अर्डर स्लीप अनुसार विल भरपाई जाँच गर्दा तपसिलमा उल्लेखित वडाका वडा सचिवहरुले ईन्धन लिएको देखिएयो।वडा कार्यालयहरुलाई चौमासिक रुपमा प्रशासनिक खर्च

भुक्तानी गर्दा ईन्धन खर्च वापत प्रति महिना रु २०००। का दरले वार्षिक रु २४००० भुक्तानी कार्यालयबाट हुने हुँदा यसको अतिरिक्त ईन्धन सुविधा लिएको देखिएकाले विल वमोजिम प्रति लिटर रु १८०। का दरले २७१ लिटर पेट्रोलको रु ४८७८०। सम्वन्धित वडा सचिवहरुबाट असुल उपर गर्नुपर्ने रु

| **सिनं** | **वडा सचिवको नामथर** | **पेट्रोल लि** | **रकम रु** |
|---|---|---|---|
| १ | शक्तिप्रकाश गोसाँई वडा नं ८ | ३० | ५४००। |
| २ | खिमराज बटाला वडा नं ६ | ३५ | ६३००। |
| ३ | महेन्द्र पुन वडा नं ५ | ३० | ५४००। |
| ४ | अन्जना शर्मा वडा नं १३ | ३६ | ६४८०। |
| ५ | उर्मिला शाह वडा नं ४ | ६४ | ११५२०। |
| ६ | महेन्द्र बस्नेत वडा नं १ | ३६ | ६४८०। |
| ७ | उपेन्द्र जंग शाह वडा नं ३ | १० | १८००। |
| ८ | देवे सुनार वडा नं ९ | १० | १८००। |
| ९ | सृजना चौधरी वडा नं ११ | १० | १८००। |
| १० | मनिकलाल बटाला वडा नं १२ | १० | १८००। |
| **जम्मा** | | **२७१** | **४८७८०** |

| असुल गर्नुपर्ने | ४८,७८० |
|---|---|

६८ **बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१४२,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६९ **ऐन विपरितको सेवा सुविधाः**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सेवा सुविधा पाउने छैनन भनी उल्लेख छ।पालिकाले निम्न पदाधिकारीहरुलाई ऐनले तोके भन्दा बाहेकको देहाय सुविधा उपलब्ध गराएको पाइयो ।ऐनले तोकेभन्दा बाहेकको भुक्तानी भएको सुविधा बापतको रकम असुल गर्नुपर्ने रु.

| गौ.भौ.न/मिति | लिएको सुविधा | पदाधिकारीको नाम/पद | रकम |
|---|---|---|---|
| २८३।२०८०।१०।०४ | पोषाक | गोरे कार्की न्यायीक समिति सदस्य | १२००० |
| | पोषाक | गोपाल लोहार न्यायीक समिति सदस्य | १२००० |
| ७५१।२०८१।०३।२१ | इन्धन | लिला देवी गौतम<br>कार्यपालिका सदस्य | १०००० |
| | इन्धन | मोती नेपाली कार्यपालिका सदस्य | ८००० |
| | इन्धन | सृजना घर्ति<br>कार्यपालिका सदस्य | ९००० |
| | इन्धन | भिम कुमारी पुन<br>कार्यपालिका सदस्य | ७००० |
| | इन्धन | गोपाल लुहार<br>कार्यपालिका सदस्य | १०००० |
| | इन्धन | डोटे नेपाली बादी<br>कार्यपालिका सदस्य | २००० |
| जम्मा | | | ७०००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ७०,००० |
|---|---|

७० **दरबन्दी वेगरका करारका कर्मचारीः**

